# डुङ्गेश्वर गाउंपालिका

## गाउँ कार्यपालिका कार्यालय

### दैलेख

### कर्णाली प्रदेश , नेपाल

**डुङ्गेश्वर गाउँपालिको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४**

प्रमाणिकरण मिति : २०७५।१।३ प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७४।१२।२९

# डुङ्गेश्वर गाउँपालिको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४

**प्रमाणीकरण मिति :** २०७४।१२।२९.

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७४/१२।२९

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम डुङ्गेश्वर गाउँपालिको गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नामडुङ्गेश्वर गाउँपालिको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन डुङ्गेश्वर गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले डुङ्गेश्वर गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले डुङ्गेश्वर गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"गाउँपालिका"** भन्नाले डुङ्गेश्वर गाउँपालिका सम्झनु पर्छ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा वा धारा २२३ बमोजिमको गाउ सभा सम्झनु पर्छ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियमबनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका / नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह

गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त डुङ्गेश्वर  गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४.निर्देशिका, कार्यविधि र मापदण्डवनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही डुङ्गेश्वर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्डवनाई लागू गर्न सक्नेछ ।